कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

पत्र संख्या: २०७९/०८०

चलानी नं.:-

मिति :- २०७९-१२-०२गते

## नि:शुल्क लोकसेवा आयोग तयारी कक्षा संचालन कार्यक्रम सम्बन्धी सूचना !!

**प्रथम पटक प्रकाशित मिति :- २०७९/१२/०२ गते**

**सूचना !** **सूचना !!** **सूचना !!!**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३५५ मिति २०७९/१२/०१ गतेको परिपत्र तथा यस कचनकवल गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रही गाउँपालिका क्षेत्रभित्रका लक्षित वर्ग समेतलाई समावेश गरी नि:शुल्क लोक सेवा आयोग तयारी कक्षा संचलान गर्ने कार्यक्रम रहेको हुँदा सहायक पाँचौ (ना.सु) / सहायक चौथो ( खरिदार) पदमा तयारी गरिरहेका वा गर्न चाहने यस कचनकवल गाउँपालिका निवासी तीव्ररुपमा इच्छुक उम्मेदवारहरुले मात्र यो सूचना प्रकाशन भएको १५ दिनभित्र निम्न लिखित कागजातहरु सहित कचनकवल गाउँ कार्यपालिकाको कार्यालय, बनियानी, झापाको प्रशासन शाखामा वा सम्बन्धित वडा कार्यालयमा रीतपूर्वक निवेदन दिनुहुन सूचित गरिन्छ ।

**सम्पर्क :-**

**यस सम्बन्धमा थप बुझ्न परेमा गाउँपालिकाको प्रशासन शाखाको सम्पर्क नं. :- ९८६४८३६९७२ मा सम्पर्क गरी आवश्यक जानकारी लिन सकिनेछ ।**

**संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. हस्तलिखित निवेदन ।

२. शैक्षिक योग्यताका प्रमाणपत्रहरु **(नायब सुब्बा पदको लागि कम्तिमा प्रविणता तह / +२ उतीर्ण तथा खरिदार पदको लागि कम्तिमा SEE/ SLC उतीर्ण गरेको मार्कसिट तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।)**

३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

..............................

**हिरा कुमारी यादव**

**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ :-**

श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, झापा । **(सूचना गाउँपालिकाको वेभाइटमा अपलोड गरिदिनुहुन ।)**

श्री ७ वटै वडा कार्यालयहरु, कचनकवल गाउँपालिका, झापा ।**(सूचना ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरिदिनुहुन ।)**



CamScanner

# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
कोशी प्रदेश, नेपाल


पत्र संख्या: २०७९/०८०

चलानी नं.: १६६५

मिति :- २०७९-१२-०२गते

**विषय :- सूचना टाँस गरि जानकारी पठाउने सम्बन्धमा ।**

श्री ७ (सात) वटै वडा कार्यालयहरु,
कचनकवल गाउँपालिका, झापा ।

प्रस्तुत विषयमा यस कचनकवल गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रही गाउँपालिका क्षेत्रभित्रका लक्षित वर्ग समेतलाई समावेश गरी नि:शुल्क लोक सेवा आयोग तयारी कक्षा संचलान सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । उक्त सूचना ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सो को जानकारी यस कार्यालयमा पठाउनु हुन तथा उक्त लोकसेवा तयारी कक्षा लिन इच्छुक उम्मेदवारहरुबाट ताहाँ कार्यालयमा पेश भएका निवेदनहरु संकलन गरी १५ दिन पश्चात यस कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन समेत अनुरोध छ ।

..............................
**हिरा कुमारी यादव**
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ :-**

श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, झापा । **(पत्र कार्यालयको वेभसाइटमा अपलोड गरि विद्युतिय माध्यमबाट समेत वडा कार्यालयहरुलाई जानकारी गराउनुहुन ।)**



CamScanner